आ.व. ०७६।०७७
वैठकः- नगर कार्यपालिका वैठक
अध्यक्षताः- नगर प्रमुख अशोक कुमार शाही

वैठक संख्याः-०६/०७६/०७७
मितिः-२०७६।७।१७
स्थानः- ता.न.पा सभाहल
समयः- विहान ७.३० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री अशोक कुमार शाही ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णय गरियो ।

## उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री बरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राजेन्द्रमुनि शाक्य | वडा अध्यक्ष | ता.न.पा.४ | सदस्य | |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य |
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य |
| श्री डिल्लीराज बेल्वासे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव |
| श्री गणेश बहादुर थापा | | ता.न.पा. ४ | |

Scanned by CamScanner

निणर्य नं. १

तानसेन नगरपालिका नगर कार्यपालिकाको वैठकवाट आ.व. २०७६।०७७ मा निर्णय भएका वैठक नं. १ देखि ५ सम्ममा गरिएको निर्णय कार्यान्वयनको समिक्षा गरियो ।

निर्णय नं. २

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. ५ को पत्रानुसार समपुरक अनुदान तर्फका आयोजनाको तानसेन नगरपालिकालाई देहायका योजनाहरु सहलगानीमा संचालन गर्ने निर्णय भई आएकोले उक्त आयोजनाको उल्लेखित लागत सहभागिता पाचौं नगर सभावाट विनियोजित समपुरक शिर्षक रु. ३३८२६४५५। वाट खर्च गर्नेगरी योजना संचालन गर्ने निणय गरियो ।

आयोजनाहरु

| क्र.स | आयोजनाको नाम | आयोजनाको कूल लागत | चालु आ.व.मा लागत सहभागिताको अंश | | |
|---|---|---|---|---|---|
| | | | प्रदेश सरकार | न.पा | कैफियत |
| १ | गुफाचौर वाटो स्तरोन्नती | १०२२१२६२। | ४०,०००००। | ६२२१२६२। | |
| २ | डाडाकटेरी केरवादी अर्तुङ्गा कालीगण्डकीको करिडोर जोड्ने मो.वा. | ११०६४०२७। | ४०,०००००। | ७०६४०२७। | |
| ३ | नारायण डाडा विसडाडा अर्चले सापाखुम हुदै चण्डीभन्ज्याङ | १०२८५८४८ | ४०,०००००। | ६२८५८४८। | |
| ४ | भालेवास छाप पिपलडाडा तिनाउ सडक | १२२५५३१८। | ४०,०००००। | ८२५५३१८। | |
| ५ | तानसेन कालिगण्डकी लिङ्करोड स्तरोन्नती | ३१०२७६५५। | ४०,०००००। | ६०,०००००। | गत आ.व.को बहुवर्षीय |
| | जम्मा | ७४८५४११०। | २०००००००। | ३३८२६४५५। | |

निर्णय नं. ३

तानसेन नगरपालिकाले Tourism Promotion Center For Asia Pacific City को सदस्यता प्राप्तीको लागि आवस्यक प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं. ४

तानसेनको टुडिखेल खेल मैदान स्तरोन्नती गर्नका लागि आ.व. ०७५।७६ मा निर्माण कार्य शुरु गरिएकोमा उक्त आयोजनाको केही निर्माण कार्य वाकी रहेकोले वाकी कामको पुन ल.ई गरी मागमा आधारित कार्यक्रमवाट यस आ.व.मा उक्त योजना सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

तानसेन नगरपालिकाले विगत महिनादेखि कर सप्ताह संचालन गरि वडा स्तरवाट कर असुली प्रकृया शुरु गरेकोले सो कर सप्ताहलाई निरन्तरता दिदै सेवा प्रवाहलाई अझ वलियो वनाउन आगामी कार्यक्रमलाई वडा स्तरमा घुम्ती शिविरको रुपमा संचालन गर्ने र सो घुम्ती शिविरमा अपाङ्ग परिचय पत्र वितरण, घरघरमा स्वास्थ्य उपचार तथा राजश्व असुली गर्ने कार्य अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं. ६

तानसेन नगरपालिका वडा नं. ५ स्थित वनदेवी क्षेत्रमा वसपार्क निर्माण गर्दा माटो आवस्यक पर्ने देखिएको हुँदा वजार क्षेत्रवाट उत्खनन् गरिएको माटो सो क्षेत्रमा व्यवस्थापन गर्ने र सो वाहेक अन्य स्थानमा माटोजन्य वस्तु फ्याक्न निषेध गर्ने साथै नियम विपरित गरेको पाईएमा नियमानुसारको जरिवाना सहित थप कार्वाही गर्ने र उक्त क्षेत्रमा माटो फ्याक्ने कार्यको राजश्व संकलन गर्ने कार्यलाई अझ प्रभावकारी वनाउनको लागि सो क्षेत्र वरपरका नीजि क्षेत्रसंग समेत सहकार्य गर्ने र सो वापत अशुली भएको राजश्वको ५० प्रतिशत उक्त नीजि क्षेत्रलाई सेवासुविधा वापत उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७

तानसेंन नगरपालिकावाट आ.व. ०७५।०७६ मा नगरसभा तथा कार्यपालिकाको निर्णय अनुसार स्वीकृत निम्न आयोजनाहरु आ.व.को अन्तमा काम सम्पन्न नभएको कारण भुक्तानी हुन नसकेको र ती योजनामा विनियोजित रकम चालु आ.व. ०७६।०७७ को लागि जिम्मेवारी सरी आएको । चालु आ.व. ०७६।७७ मा काम सम्पन्न भई मागमा आधारित शीर्षकवाट खर्च लेखिएकोमा आ.व. को अन्तमा जिम्मेवारी सरि आएको रकम मध्ये रु.३२७८५००।७२ मागमा आधारित योजनालाई म्याद थप गरी आगामी नगरसभावाट अनुमोदन गर्नेगरी शोधभर्ना गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १ दरवार संग्रहालय फूलवारी निर्माण कार्य | रु. १११२१५।७२ |
| २ सेतीपोखरी गुफाचौर दोश्रो खण्ड | रु. २२०००००। |
| ३ सेतीपोखरी गुफाचौर पहिलो खण्ड | रु. ४३३७१०। |
| ४ ता.न.पा. कार्यालय नयाँ भवन | रु. ५३०५७५। |

Scanned by CamScanner

**जम्मा रु.३२७८५००।७२**

निर्णय नं. ८

तानसेन नगरपालिका वडा नं. १३ र १४ स्थित कालीगण्डकी किनारको नदिजन्य पदार्थ बोलपत्रको माध्यामवाट व्यवस्थापन गर्न २ पटक सूचना गरी दरभाउपत्र/बोलपत्र आव्हान गर्दासमेत कुनैपनि दरभाउपत्र/बोलपत्र प्राप्त नभएकोले अमानतमा उक्त स्थानको नदीजन्य पदार्थको व्यवस्थापनको लागि प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं. ९

क) तानसेन नगरपालिकामा हाल रहेको दमकल र कम्प्याक्टर नियमित संचालन गर्नको लागि आवस्यक जनशक्ति (भारी सवारी चालक) १ जना करार सेवामा लिनका लागि आवस्यक प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

ख) नगरको सरसफाई कार्यलाई थप प्रभावकारी वनाउन व्रुमर (सडक सरसफाई यन्त्र) खरिद प्रकृया अगाडी वढाउने र उक्त व्रुमर संचालनका लागि आवस्यक जनशक्ति सेवा करारमा लिनका लागि प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं. १०

पाचौं नगरसभावाट पारित आ.व.०७६।०७७ मा नगरपालिका भित्र विविध शैक्षिक कार्यक्रम संचालन गर्न शिक्षा क्षेत्रमा रु. ५०,००,००० (पचास लाख) वजेट विनियोजन भएकोमा तानसेन नगर शिक्षा समितिको वैठकवाट पारित शिर्षकगत कार्यक्रम र वजेटको अनुमोदन गर्दै नपुग थप रु. १७,७०,०००। (सत्रलाख सत्तरी हजार मात्र) माग गर्ने निर्णय भए अनुसार आगामी हिउँदे नगरसभामा स्वीकृतीको लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

आ.व. ०७५।७६ मा निर्माण कार्य भएको योजना अन्तर्गत तम्घास जिरो प्वाईन्ट देखि अप्पुभिलेज सम्मको वाटोमा टेवा पर्खाल निर्माण गर्ने योजना अधुरो रहेकोले उक्त योजनाको प्राविधिकहरुवाट ल.ई. गराई सोही वमोजिम प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं. १२

**विविध**

क) नेपाल भ्रमण वर्ष २०२०, लुम्विनी भ्रमण वर्ष २०७६ र तानसेन नगरपालिकाको पाँचौ नगरसभावाट पारित **तानसेन जाउँ प्रकृति र संस्कृतिसंग रमाउँ** भन्ने नारालाई सफल वनाउन तानसेन

Scanned by CamScanner

नगरपालिकावाट कार्यक्रम निर्माण गर्ने र सो भ्रमण वर्षलाई संचालन गर्नका लागि संघीय तथा प्रदेश मन्त्रालयसंग समन्वय गरी श्रोत माग गर्ने निर्णय गरियो ।

ख) तानसेन नगरपालिकामा रहेको डोजरको वारेमा जनस्तरवाट विभिन्न कृया प्रतिकृया आईरहेको सन्दर्भमा उक्त डोजरको वील अनुसार 4 Wheeler को विल प्राप्त भएको तर हेवी ईक्युपमेन्टको प्राविधिक परिक्षण गराउदा 2 Wheeler को भन्ने देखिएकोले उक्त डोजरको सत्य तथ्य पत्ता लगाउन आवस्यक प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

ग) तानसेन नगरपालिकाको न्यायिक समितिको ईजलाश कक्ष स्थापना, १४ वटै वडाहरुमा मेलमिलाप केन्द्र स्थापना र व्यवस्थापन गर्न श्रोतको पहिचान गरी आवस्यक वजेट विनियोजनका लागि अध्ययन सहित आगामी कार्यपालिका वैठकमा पेश गर्ने निर्णय गरियो ।

घ) नगरसभावाट स्वीकृत भएका योजना संचालन र सम्पन्न गर्नका लागि प्राविधिक जनशक्तिको अभाव हुदा योजना कार्यान्वयन गर्न समस्या रहेकोले हाल रिक्त रहेको दरवन्दीमा सव ईन्जिनियर दुई करार सेवामा लिने निर्णय गरियो ।

ङ) डिभिजन वन कार्यालयको पत्र अनुसार तानसेन नगरपालिका वडा नं. ७ प्रभासको पोखरी र सो वरपर रहेको क्षेत्रलाई सिमसार क्षेत्रको रुपमा विकास गर्न डिभिजन वन कार्यालय पाल्पासंग समन्वय गरी निर्माण कार्य गर्ने र सोको लागि मागमा आधारित कार्यक्रमवाट आवस्यक वजेट विनियोजन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner